# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ २५ गते २०५८ साल (अतिरिक्तांक ६७


## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1123

## भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भूमि सम्बन्धी (पाँचौं संशोधन) ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन सम्वत् २०५८ साल श्रावण ३२ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ मा संशोधन : भूमि सम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) को उपखण्ड (३) मा रहेका "३५ वर्ष" भन्ने शब्दहरुको सट्टा "१६ वर्ष" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले नेपाल अधिराज्यमा जम्मा १० बिगाहामा नबढ्ने गरी देहायको क्षेत्रमा देहायको हदसम्म मात्र जग्गा राख्न पाउनेछ :-

| | | |
|---|---|---|
| (क) | भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा | १० बिगाहा |
| (ख) | काठमाडौं उपत्यकामा | २५ रोपनी |
| (ग) | काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा | ७० रोपनी |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा निजको परिवारले देहायमा लेखिएको हदमा नबढ्ने गरी घरबारीको निमित्त आवश्यक भएजति जग्गा उपदफा (१) मा लेखिएको जग्गामा थप गरी राख्न सक्नेछ :-

| | | |
|---|---|---|
| (क) | भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा | १ बिगाहा |
| (ख) | काठमाडौं उपत्यकामा | ५ रोपनी |
| (ग) | काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा | ५ रोपनी" |

(२) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन् :-

"(५) उपदफा (१) को प्रयोजनको लागि मोही लागेको जग्गाको हकमा जग्गावाला र मोहीको आधा आधा हिस्सा गणना गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाको मितिसम्म साबिकमा हदबन्दी सम्बन्धी कारबाहीको निर्णय हुन बाँकी रहेको जग्गावालाको हकमा साबिकको व्यवस्था बमोजिम राख्न पाउने जग्गाको हदबन्दी सम्बन्धी कारबाही टुङ्गो लागेपछि मात्र यस दफा बमोजिमको अधिकतम हदबन्दी लागू हुनेछ ।"

४. <u>मूल ऐनको दफा १३ मा संशोधन</u> : मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क.) उपदफा (१) बमोजिम फाँटवारी दाखिल गर्दा जग्गावालाले जग्गावाला वा मोहीको हैसियतले आफ्नो वा आफ्नो परिवारको नाममा नेपाल अधिराज्यमा रहेको सम्पूर्ण जग्गाको विवरण एउटै फाँटवारीमा खुलाई आफ्नो जग्गा रहेको कुनै एक जिल्लामा मात्र दाखिल गर्नु पर्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क.) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. जग्गाको बिक्री वितरण : (१) यस ऐन बमोजिम प्राप्त भएको वा जफत भएको जग्गा जुन गाउँ विकास समिति वा नगरपालिकाबाट प्राप्त भएको वा जफत भएको हो सोही गाउँ विकास समिति वा नगरपालिकाका स्थानीय व्यक्तिलाई तोकिएको अधिकारीले तोकिए बमोजिम बिक्री वितरण गर्नेछ। यसरी बिक्री वितरण गर्दा स्थानीय भूमिहीन व्यक्तिमध्ये मुक्त कमैया, दलित, आदिवासी र जनजातीलाई प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरणमा पाएको जग्गा त्यस्तो व्यक्तिको नाममा जग्गावालाको हैसियतले दर्ता गरिनेछ।

(३) उपदफा (१) बमोजिम जग्गा बिक्री वितरण नभएसम्म त्यस्तो जग्गा साबिक जग्गावाला, मोही वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीले कुनै शर्तमा कमाउन दिन सक्नेछ।"

६. मूल ऐनको दफा २१ख. मा संशोधन : मूल ऐनको दफा २१ख. मा रहेका "र दफा २१क" भन्ने शब्दहरु झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११८४

७. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) मा रहेका "सयकडा १०" भन्ने शब्दहरुको सट्टा "सयकडा ५" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेको "सहकारी" भन्ने शब्द झिकिएको छ ।

८. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. जग्गा बेचबिखन गर्नमा प्रतिबन्ध : दफा २१ बमोजिम जग्गा बिक्री वितरण हुँदा जग्गा पाउने व्यक्तिले दफा २२ बमोजिम बुझाउनु पर्ने मोलको पूरा रकम चुक्ता नगरेसम्म वा जग्गा बहाली पाएको मितिले दश वर्ष नपुगेसम्म जुन पछिल्लो हुन्छ, सो अवधिसम्म सो जग्गा बेचबिखन गर्न, कुनै किसिमले कसैलाई हक छाडि दिन, अंशबण्डा गर्न र बैंक बाहेक अरु कसैलाई धितो बन्धक दिन समेत हुँदैन ।"

९. मूल ऐनको दफा २६ख. मा संशोधन : मूल ऐनको दफा २६ख. मा रहेका "दफा २६ग., २६घ. र २६ङ." भन्ने शब्दहरुको सट्टा "दफा २६ग., २६घ., २६घ२ र २६ङ." भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनमा दफा २६घ१, २६घ२ र २६घ३ थप : मूल ऐनको दफा २६घ. पछि देहायका दफा २६घ१, २६घ२ र २६घ३ थपिएका छन् :-

"२६घ१. निवेदन दिनु पर्ने : दफा २६ग. र २६घ. को प्रयोजनको लागि यो दफा प्रारम्भ भएको मितिले ६ महिनाभित्र निवेदन दिनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१९८२

२६घ२. जग्गा बाँडफाँड गरी दिने : दफा २६घ१ बमोजिमको म्यादभित्र जग्गा बाँडफाँड गर्न जग्गावाला वा मोहीमध्ये कसैको पनि निवेदन पर्न नआएमा तोकिएको अधिकारीले ७ नम्बर फाँटवारी र उपलब्ध भएसम्मका प्रमाणहरु बुझी मोही लागेको जग्गा यस ऐनका अन्य दफाहरुमा उल्लिखित व्यवस्थाको अधीनमा रही बाँडफाँड गरी दिनेछ।

२६घ३. कारबाही टुङ्गो लगाई सक्नु पर्ने : मोही लागेको जग्गा यस ऐन बमोजिम जग्गावाला र मोहीबीच बाँडफाँड गर्ने कारबाही तोकिएको अधिकारीले यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र टुङ्गो लगाई सक्नु पर्नेछ।"

११. मूल ऐनको दफा २६च. मा संशोधन : मूल ऐनको दफा २६च. मा रहेका "दफा २६ख., २६ग., २६घ. र २६ङ." भन्ने शब्दहरुको सट्टा "दफा २६ख., २६ग., २६घ., २६घ२ र २६ङ." भन्ने शब्दहरु राखिएका छन्।

१२. मूल ऐनमा परिच्छेद-९क. थप : मूल ऐनको परिच्छेद ९ पछि देहायको परिच्छेद -९क. थप गरिएको छ :-

"परिच्छेद-९क.

भू-उपयोग, जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी गर्ने सम्बन्धी

५१ङ. भू-उपयोग कार्यक्रम सञ्चालन गर्न सक्ने : (१) जग्गाको प्रकृति अनुसार उपयोगमा लगाउनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै वा सबै क्षेत्रमा भू-उपयोग कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भू-उपयोग कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा जग्गाको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्गीकरण गर्दा माटोको प्रकृति, उर्वराशक्ति, देशको भौगोलिक स्थिति, वातावरण तथा जलवायु समेतको आधारमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम भू-उपयोग कार्यक्रम सञ्चालन गर्दा दफा ५१च. बमोजिम गठित भू-उपयोग परिषद्बाट निर्धारित नीतिको अधीनमा रही तोकिए बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

५१च. भू-उपयोग परिषद्को गठन : (१) दफा ५१ङ. को प्रयोजनको लागि भू-उपयोग सम्बन्धी नीति निर्धारण गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको भू-उपयोग परिषद् गठन हुनेछ :-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - अध्यक्ष

(ख) सचिव, रक्षा मन्त्रालय - सदस्य

(ग) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(घ) सचिव, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(च) भू-उपयोग सम्वन्धी विशेषज्ञहरुमध्ये श्री ५ को सरकारबाट मनोनीत तीनजना - सदस्य

(छ) सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११८५

(३) उपदफा (१) बमोजिमको परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्णय गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

५१छ. कुनै एक उपयोगको लागि निर्धारित जग्गा अर्को उपयोगमा लगाउन नहुने : (१) यस ऐन बमोजिम भू-उपयोग कार्यक्रम सञ्चालन भएको क्षेत्रमा कसैले कुनै एक उपयोगको लागि निर्धारित जग्गालाई तोकिएको समितिको स्वीकृति नलिई अर्को उपयोगमा लगाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१ज. जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी गर्ने : जग्गाको उत्पादकत्व वृद्धि गर्नको लागि श्री ५ को सरकारले तोकिए बमोजिम जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५१झ. सहकारी खेती गर्नेलाई सुविधा दिइने : जग्गाको चक्लाबन्दी गरी तोकिए बमोजिमको कृषि उत्पादन गर्नको लागि सहकारी खेती गर्न चाहने दश वा सोभन्दा बढी जग्गावालाहरुको समूहलाई त्यस्तो खेती गर्नको लागि चाहिने कृषि औजार, कृषि प्रविधि, मल, बीउ, सिँचाई, विद्युत आदिको लागि श्री ५ को सरकारले उपयुक्त सुविधा र सहुलियत उपलब्ध गराउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१ञ. सुरक्षित वा व्यवस्थित क्षेत्रमा बसोबासको व्यवस्था गराउन सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यभित्रको कुनै क्षेत्र वा घरवस्ती रहेको क्षेत्रलाई असुरक्षित वा अव्यवस्थित क्षेत्र घोषणा गरी सो क्षेत्रमा बसोबास गर्न वा सोही सूचनामा तोकिएको कुनै कार्य गर्न रोक लगाई त्यस्तो क्षेत्रमा बसोबास गरेको व्यक्तिलाई सुरक्षित तथा व्यवस्थित क्षेत्रमा बसोबासको व्यवस्था गराउन सक्नेछ ।

५१ट. दण्ड सजाय : कसैले दफा ५१छ. विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिलाई दश हजार रुपैंयाँसम्म जरिबाना गरी त्यस्तो जग्गा साबिककै उपयोगमा लगाउन आदेश दिनेछ ।"

१३. खारेजी : मूल ऐनको दफा २१क. खारेज गरिएको छ ।

लालमोहर सदर मिति:- २०५८।१०।२५।५

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1986

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : शिक्षा ऐन,२०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "शिक्षा (सातौं संशोधन) ऐन, २०५८" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. शिक्षा ऐन, २०२८ को दफा २ मा संशोधन : शिक्षा ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ।"

(२) खण्ड (घ१) पछि देहायका खण्ड (घ२) र (घ३) थपिएका छन् :-

"(घ२) "सामुदायिक विद्यालय" भन्नाले श्री ५ को सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(घ३) "संस्थागत विद्यालय" भन्नाले श्री ५ को सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ।"

(४) खण्ड (च१) मा रहेको "राष्ट्रिय" भन्ने शब्द झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) खण्ड (च४) पछि देहायको खण्ड (च५) थपिएको छ :-

"(च५) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ।"

(६) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :-

"(ठ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको गुठी सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. विद्यालय खोल्न अनुमति लिनु पर्ने : (१) श्री ५ को सरकारले बाहेक कसैले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित जिल्ला शिक्षा समितिको सिफारिस सहित श्री ५ को सरकार वा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो कुरा समेत निवेदनमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा श्री ५ को सरकार वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा श्री ५ को सरकार वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत संस्थागत विद्यालयको रुपमा सञ्चालन भइरहेको विद्यालयले सो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो सम्बन्धमा तोकिएको विवरण खुलाई यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई कम्पनीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1929

(७) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले दिनेछ ।

(८) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासंग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा श्री ५ को सरकारसंग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कूटनैतिक नियोगबाट सिफारिस भएमा श्री ५ को सरकारले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको लागि श्री ५ को सरकार समक्ष सिधै निवेदन दिन सकिनेछ ।

(९) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा श्री ५ को सरकारले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागू हुने छैन ।"

४. <u>मूल ऐनमा दफा ६क. थप</u> : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. <u>विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन र अन्य व्यवस्था</u> : (१) विशेष शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विशेष शिक्षा सञ्चालन गर्न नियुक्त कर्मचारी र शिक्षकको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) अनौपचारिक शिक्षा तथा दूर शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।"

५. मूल ऐनमा दफा ८क. थप : मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. शिक्षा विभाग : (१) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत शिक्षा विभाग रहनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा विभागको प्रमुखको रुपमा महानिर्देशक रहनेछ ।

(३) महानिर्देशकको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

६. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :-

"११. जिल्ला शिक्षा समितिको गठन : (१) जिल्लाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जिल्ला शिक्षा समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी - सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्ला विकास समितिको सचिव - सदस्य

(घ) जिल्लाभित्रका उच्च माध्यमिक विद्यालय, माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयबाट प्रतिनिधित्व हुने गरी सो विद्यालयमा कम्तीमा दश वर्ष काम गरेका स्थायी शिक्षकहरुमध्येबाट कम्तीमा एकजना महिला सहित जिल्ला शिक्षा समितिले मनोनीत गरेको चारजना - सदस्य

(ङ) जिल्लाभित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(च) जिल्लाभित्रका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एकजना - सदस्य

(छ) गाउँ शिक्षा समितिका अध्यक्षहरुमध्येबाट जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षा समितिले मनोनीत
गरेको एकजना - सदस्य

(ज) शिक्षाविद्हरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(झ) जिल्ला शिक्षक युनियनको अध्यक्ष - सदस्य

(ञ) जिल्ला शिक्षा अधिकारी- सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(४) जिल्लाभित्रका संसद सदस्यलाई जिल्ला शिक्षा समितिको बैठकमा आमन्त्रण गरिनेछ।

(५) जिल्ला शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिक्षा सम्बन्धी जिल्लास्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग पुऱ्याउन गाउँ विकास समिति तथा नगरपालिकालाई अभिप्रेरित गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्लाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

(घ) जिल्लाको शैक्षिक गुणस्तर विकासको लागि स्रोत जुटाउन व्यवस्था गर्ने,

(ङ) सामुदायिक विद्यालयहरुको लेखा-परीक्षकको पारिश्रमिक निर्धारण गर्ने,

(च) श्री ५ को सरकारको नीति अनुरुप जिल्लाभित्रका सामुदायिक विद्यालयमा प्राथमिक विद्यालयलाई विद्यार्थी संख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक विद्यालयलाई विद्यार्थी संख्या र विषयगत आधारमा उपलब्ध दरबन्दी वितरण र मिलान गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(६) जिल्ला शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

७. मूल ऐनको दफा ११ख. मा संशोधन : मूल ऐनको दफा ११ख. को,-

(१) उपदफा (१), (२) र (३) को सट्टा देहायका उपदफा (१), (२) र (३) राखिएका छन् :-

"(१) सामुदायिक विद्यालयमा श्री ५ को सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) **आयोगमा** अध्यक्ष सहित अन्य दुईजना **सदस्यहरु रहनेछन् ।**

(३) उपदफा (२) **बमोजिमका सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न श्री ५ को सरकारले लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयको उपकुलपति र शिक्षा तथा खेलकूद मन्त्रालयको सचिव सदस्य रहेको एक समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई श्री ५ को सरकारले सदस्यमा नियुक्ति गर्नेछ ।"**

(२) उपदफा (४) मा रहेका "तथा मनोनीत" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) आयोगको वरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ ।"

८. मूल ऐनको दफा ११ग. मा संशोधन : मूल ऐनको दफा ११ग. को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) अध्यक्षको लागि श्री ५ को सरकारको विशिष्ट श्रेणीमा कम्तीमा पाँच वर्ष र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।"

९. मूल ऐनमा दफा ११ट., ११ठ., ११ड., ११ढ., ११ण. र ११त. थप : मूल ऐनको दफा ११ञ. पछि देहायका दफा ११ट., ११ठ., ११ड., ११ढ., ११ण. र ११त. थपिएका छन् :-

"११ट. गाउँ शिक्षा समिति : (१) गाउँ विकास समिति क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख र व्यवस्थापन गर्न तथा विभिन्न विद्यालयबीच समन्वय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने काम समेतको लागि प्रत्येक गाउँ विकास समितिमा देहायका सदस्यहरु रहेको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँ विकास समिति क्षेत्रभित्र सञ्चालित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(ग) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीमध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) विद्यालय रहेको क्षेत्रको जिल्ला विकास समितिको सदस्य - सदस्य

(च) गाउँ विकास समिति क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमध्येबाट गाउँ शिक्षा समितिले तोकेको उच्चतम्


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तहको विद्यालयको
प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(३) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

"११ठ. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने : श्री ५ को सरकारले विकट हिमाली क्षेत्रमा तोकिए बमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेछ।

११ड. अध्यापन अनुमतिपत्र लिनु पर्ने : (१) यो ऐन प्रारम्भ भएपछि आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन।

(२) आयोगले अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गरी तोकिए बमोजिम परीक्षा सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा सफल भएका उम्मेदवारलाई आयोगले अध्यापन अनुमतिपत्र दिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत विद्यालयमा कार्यरत शिक्षकलाई आयोगले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र अस्थायी अध्यापन अनुमतिपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम अस्थायी अध्यापन अनुमतिपत्र पाएका शिक्षकले पाँच वर्षभित्र आयोगबाट स्थायी अध्यापन अनुमतिपत्र लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षकहरु स्वत: अवकास हुनेछन् र स्थायी शिक्षकलाई तोकिए बमोजिम अवकास दिइनेछ ।

(७) अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११ढ. अनुदान कटौती नगरिने : श्री ५ को सरकारले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गर्ने छैन ।

११ण. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने : श्री ५ को सरकारले निम्न माध्यमिक शिक्षा र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

११त. शिशु विकास केन्द्रलाई अनुदान दिन सक्ने : श्री ५ को सरकारले गाउँ विकास समिति वा नगरपालिकाको सहयोगमा खोलिएका शिशु विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।"

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिलासहित तीनजना - सदस्य

(ग) विद्यालय रहेको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) स्थानीय बुद्धिजीवी वा शिक्षा प्रेमीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना - सदस्य

(ङ) विद्यालयका संस्थापक वा चन्दादाताहरुमध्ये-बाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना - सदस्य

(च) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
7969

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(४) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु-मध्येबाट विद्यालयको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले मनोनीत गरेको एकजना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु-मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(५) उपदफा (१) र (४) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि दुई वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(६) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६२

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्यांउन नदिने,

(च) जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने,

(झ) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

(ञ) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिहरुलाई खुल्ला प्रतिस्पर्धाको आधारमा शिक्षक पदमा नियुक्ति गर्ने र त्यसरी नियुक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शिक्षकको लागि पारिश्रमिक, सुविधा तथा पदोन्नतिको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(७) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) श्री ५ को सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा पाठ्क्रम विकास केन्द्रको स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) श्री ५ को सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) श्री ५ को सरकारले दिएका निर्देशनहरुको पालना गर्ने ।

(८) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

११. मूल ऐनमा दफा १२ख. र १२ग.थप : मूल ऐनको दफा १२क. पछि देहायका दफा १२ख. र १२ग. थपिएका छन् :-

"१२ख. ग्रामीण शिक्षा विकास कोष : (१) ग्रामिण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि केन्द्रीय स्तरमा एक ग्रामिण शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कूल आम्दानीको डेढ प्रतिशतमा नघटाई तोकिए बमोजिमको रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

१२ग. कोष सञ्चालक समिति : (१) ग्रामिण शिक्षा विकास कोषको सञ्चालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, शिक्षा तथा खेलकूद मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय - सदस्य

(घ) सहसचिव (शैक्षिक प्रशासन महाशाखा), शिक्षा तथा खेलकूद मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, शिक्षा विभाग - सदस्य

(च) प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय - सदस्य

(छ) संस्थागत विद्यालयको केन्द्रीयस्तरका संघ संस्थाका अध्यक्षहरुमध्येबाट शिक्षा तथा खेलकूद मन्त्रालयले मनोनीत गरेको दुईजना - सदस्य

(ज) शिक्षा तथा खेलकूद मन्त्रालयको विद्यालय प्रशासन शाखाको प्रमुख - सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१२. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. विद्यालयको सम्पत्ति : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति श्री ५ को सरकारले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित जिल्ला शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै कारणले त्यस्तो विद्यालय बन्द भएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति सार्वजनिक मानिनेछ। श्री ५ को सरकारले त्यस्तो सम्पत्ति कुनै सामुदायिक विद्यालयको काममा प्रयोगमा लगाउन वा बेचबिखन गरी प्राप्त रकम जिल्ला शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(३) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि सम्बन्धित जिल्ला शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति श्री ५ को सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।"

१३. मूल ऐनको दफा १६क. मा संशोधन : मूल ऐनको दफा १६क. को सट्टा देहायको दफा १६क. राखिएको छ :-

"१६क. विद्यालयलाई छूट र सुविधा : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा श्री ५ को सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छूट र सुविधा तोकिए बमोजिम हुनेछ ।"

१४. मूल ऐनमा दफा १६ख., १६ग., १६घ., १६ङ., १६च., १६छ., १६ज. र १६झ. थप : मूल ऐनको दफा १६क. पछि देहायका दफा १६ख., १६ग., १६घ., १६ङ., १६च., १६छ., १६ज. र १६झ. थपिएका छन् :-

"१६ख. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले दफा ३ को उपदफा (४) बमोजिमको म्यादभित्र विवरण नदिएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी अनुमति वा स्वीकृत रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

१६ग. विद्यालयको वर्गीकरण : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

१६घ. शुल्क सम्बन्धी व्यवस्था : (१) सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षा निःशुल्क हुनेछ र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई श्री ५ को सरकारले पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउनेछ।

(२) सामुदायिक विद्यालयको निम्न माध्यमिक तह र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

तर गरीबीको रेखामुनी रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क श्री ५ को सरकारबाट स्वीकृति लिएर मात्र निर्धारण गर्नु पर्नेछ। श्री ५ को सरकारले त्यसरी शुल्क निर्धारण गर्ने सम्बन्धमा स्वीकृति दिंदा विद्यालयको वर्गीकरणको आधारमा गर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9960

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

१६ङ. शिक्षक युनियन, शिक्षकको पदीय आचरण तथा अन्य व्यवस्था : (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न एक शिक्षक युनियन रहनेछ ।

(२) शिक्षक युनियन केन्द्रीय तथा जिल्लास्तरमा गठन गर्न सकिनेछ ।

(३) शिक्षक युनियनको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षकले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, कुनै राजनैतिक दलको कुनै पनि पदमा रही काम गर्न वा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

तर प्रचलित कानून बमोजिम आफूले पाएको मताधिकारको प्रयोग गर्न यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन ।

(५) देहायका अवस्थामा शिक्षकलाई पदबाट हटाइनेछ :-

(क) उपदफा (४) विपरीत कुनै काम गरेमा,

(ख) पदीय दायित्व पूरा नगरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९९६७

(ग) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

१६च. शैक्षिक योग्यता : विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

१६छ. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने : (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन: बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

१६ज. शिक्षकको सरुवा : (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारम भरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा जिल्ला शिक्षा समितिले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६२

तर प्रत्येक वर्ष रिक्त पदको पच्चीस प्रतिशतभन्दा बढी अन्य जिल्लाबाट सरुवा गरी पूर्ति गरिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष कारणवस कुनै शिक्षकलाई सरुवा नगरी नहुने स्थिति परेमा त्यसको कारण खुलाई जिल्ला शिक्षा अधिकारीले आफ्नो जिल्लाभित्र, क्षेत्रीय शिक्षा निर्देशकले आफ्नो क्षेत्रभित्र र शिक्षा विभागले नेपाल अधिराज्यभित्र सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सरुवा गर्दा जिल्ला शिक्षा अधिकारीले क्षेत्रीय शिक्षा निर्देशकको, क्षेत्रीय शिक्षा निर्देशकले शिक्षा विभागको र शिक्षा विभागले शिक्षा तथा खेलकूद मन्त्रालयको पूर्व स्वीकृति र सम्बन्धित विद्यालयको सिफारिस लिनु पर्नेछ ।

१६झ. <u>संस्थागत विद्यालयको हकमा लागू नहुने</u> : यस ऐनमा लेखिएदेखि बाहेक दफा ११ट., १५, १६ङ., १६छ., १६ज. र दफा १७ को उपदफा (१) तथा उपदफा (२) को खण्ड (क), (घ) र (ङ) मा उल्लिखित व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागू हुने छैन ।"

१५. <u>मूल ऐनको दफा १७ मा संशोधन</u> : मूल ऐनको दफा १७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले बिगो असूल गरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले कसूरको मात्रा हेरी एकलाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा।

(१ख) उपदफा (१) र (१क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) मा रहेका "उपदफा (१) मा लेखिए देखि बाहेक" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा लेखिए देखि बाहेक कसैले" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल ऐनको दफा १७क. मा संशोधन : मूल ऐनको दफा १७क. मा रहेका "सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७" भन्ने शब्दहरुको सट्टा "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल ऐनको दफा १७ग. मा संशोधन : मूल ऐनको दफा १७ग. को सट्टा देहायको दफा १७ ग. राखिएको छ :-

"१७ग. श्री ५ को सरकारवादी हुने : (१) दफा १७ को उपदफा (१) र (१क) बमोजिमको मुद्दा श्री ५ को सरकारवादी हुनेछ ।

(२) दफा १७ को उपदफा (१क) बमोजिमको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।"

१८. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (२) को,-

(१) खण्ड (त) र (प) को सट्टा देहायका खण्ड (त) र (प) राखिएका छन् :-

"(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम,

(प) अनौपचारिक शिक्षा"

(२) खण्ड (प) पछि देहायको खण्ड (प१) थपिएको छ :-

"(प१) दूर शिक्षा"

(३) खण्ड (ध) मा रहेको "अधिकारपत्र" भन्ने शब्दको सट्टा "अनुमतिपत्र" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) खण्ड (२) मा रहेका "निजी क्षेत्रको" भन्ने शब्दहरुको सट्टा "संस्थागत" भन्ने शब्द राखिएको छ।

१९. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (१) को शुरुमा रहेका "यो ऐन अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरु राखिएका छन्।

लालमोहर सदर मिति:- २०५८।१०।२५।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११०६

# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५८ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापित आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित प्रतिष्ठानको सञ्चालक परिषद् सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम गठित परिषदको कार्यकारिणी समिति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११८८

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## प्रतिष्ठानको स्थापना, उद्देश्य, काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : (१) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ र प्रतिष्ठानले आवश्यकता अनुसार अन्य स्थानमा आफ्नो शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

४. प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. प्रतिष्ठानको उद्देश्य : प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसंग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
११६५

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने,

(ग) आदिवासी/जनजातिको परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने,

(घ) विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्बन्ध, सदभाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

(ङ) आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।

६. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : दफा ५ बमोजिमको उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, संस्कृति, परम्परागत सीप तथा प्रविधिको प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, परम्परा र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परालाई विकास गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।